# उच्च अदालत विराटनगर
# अस्थायी इजलास ओखलढुङ्गा



## वार्षिक प्रतिवेदन २०८१-०८२

| विषय | पृष्ठ संख्या |
|---|---|
| **परिच्छेद -१** | **१-४** |
| प्रारम्भिक | १ |
| **परिच्छेद-२** | **५-९** |
| वार्षिक कार्ययोजना र अदालतको कार्य प्रगतिको समिक्षा | ५ |
| **परिच्छेद-३** | १०-१३ |
| मातहत जिल्ला अदालतहरुको लगत, फछ्र्यौट र बाँकि मुद्दाहरुको विवरण | १० |
| **परिच्छेद- ४** | **१४-१५** |
| समस्या र समाधानका उपायहरु | १४ |
| **परिच्छेद-५** | १६ देखि |
| वार्षिक प्रतिवेदन फारामका अनुसूची १ देखि ३१ सम्मका फारामहरु | १६ देखि |

# भूमिका

न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने राज्यको न्याय तथा दण्ड व्यवस्था सम्बन्धी नितिलाई कार्यान्वयनमा ल्याउन सविधानले न्याय सम्बन्धि अधिकार यो सविधान, अन्य कानून र न्यायका मान्य सिद्धान्त बमोजिम अदालत तथा न्यायिक निकायबाट प्रयोग गरिने व्यवस्था गरेको छ। नेपालको संविधानले व्यवस्था गरे बमोजिम राज्यका तीन अङ्ग मध्ये न्यायपालिका संविधानको संरक्षक र नागरिकको हक अधिकार सुनिश्चित गर्ने संस्था हो। नेपालको संविधानले स्वतन्त्र, निष्पक्ष र विश्वसनीय न्यायपालिकाको परिकल्पना गरेको छ। त्यसैगरी मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णयको सबैले पालना गर्नु पर्नेछ भनी संविधानमा स्पष्ट व्यवस्था गरिएको छ।

नेपालको संविधानमा व्यवस्था भएका सर्वोच्च, उच्च र जिल्ला गरी तीन तहको अदालतहरु मध्ये सुरु तहको अदालत वा निकायले गरेका निर्णय वा फैसलाहरु उपर पुनरावेदन सुन्ने र निश्चित विवादहरुको सुरु क्षेत्राधिकार ग्रहण गर्ने न्यायिक निकायको रुपमा उच्च अदालत रहेको छ। कोशी प्रदेश अन्तर्गत उच्च अदालत विराटनगरको अस्थायी इजलासको रुपमा रहेको यस अस्थायी इजलास ओखलढुङ्गाले मातहतका ओखलढुङ्गा जिल्ला अदालत, खोटाङ्ग जिल्ला अदालत र सोलुखुम्बु जिल्ला अदालतको पुनरावेदन सुन्ने र कानूनद्वारा निश्चित गरिएका मुद्धाहरुमा सुरु कारवाही र किनारा गर्ने अदालतको रुपमा काम गरि आएको छ।

न्यायपालिकामा वि.स. २०६१ साल देखि प्रारम्भ गरिएको योजनावद्ध सुधारको श्रृङ्खला २०८१श्रावण१ गतेदेखि पाँचौं पञ्चवर्षीय रणनीतिक योजनाको रूपमा कार्यान्वयनमा आइसकेको छ। "**सबैका लागि न्याय**" परिदृश्य र "**संविधान, कानून र न्यायका मान्य सिद्धान्तका आधारमा स्वच्छ एवम् निष्पक्ष न्याय सम्पादन गर्ने**" परिलक्ष्यका साथ कार्यान्वयनमा आएको रणनितिक योजनाले "न्याय सम्पादन, न्यायमा पहुँच, सुशासन तथा जनआस्था, सूचना प्रविधि र मानव संशाधन तथा भौतिक पुर्वाधार" लाई योजनाको प्राथमिकताका रूपमा ग्रहण गरेको छ।

रणनीतिक योजनाले निर्देशित गरे बमोजिम नै सबै तहका अदालतहरुले वर्ष भरिमा अदालतका तर्फबाट सम्पादन गरिने कार्यहरुलाई तथ्याङ्कबाट देखिने र बुझिने गरी वार्षिक कार्ययोजना बनाई योजनावद्ध तवरबाट अगाडि बढिरहेको अवस्था छ। जसले गर्दा न्यायपालिकामा रहेका न्यायाधीश लगायतको जनशक्तिको क्षमतामा विकास हुंदै न्याय सम्पादन कार्य पहुंच योग्य, प्रभावकारी र अनुमान योग्य बन्दै गएको र भौतिक तथा प्रविधिगत हिसाबले पनि न्यायपालिकाको क्षमतामा विकास हुंदै आएको छ। यही क्रममा यस अदालतबाट आर्थिक वर्ष २०८१/०८२ का लागि तयार भएको वार्षिक कार्ययोजना बमोजिम गत आर्थिक वर्षमा अदालतबाट सम्पादन भएका कामको समिक्षा गर्ने चरणमा हामी आइपुगेका छौं।

अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरि आएका २३ थान र आर्थिक वर्ष २०८१/०८२ मा ३०८ थान नयाँ दर्ता भई मुद्धाको कूल लगत ३३१ कायम हुन आउने अनुमान गरिएकोमा आर्थिक वर्ष २०८१/०८२ मा जम्मा २५१ मात्र दर्ता हुन आई कूल मुद्धा संख्याको लगत २७४ हुन आएको थियो। अनुमानित कूल मुद्धाको लगत मध्ये २२४ थान मुद्धा फछ्र्यौट गर्ने लक्ष्य वार्षिक कार्ययोजनाले लिएकोमा योजनाले लिएको लक्ष्य पूरा गर्न न्यायाधीश, कर्मचारी, कानून व्यवसायी, सम्वद्ध बार, सेवाग्राही समेत सबैको सार्थक प्रयासका कारण *जिम्मेवारी सरि आएका २३ थान सबै* र नयाँ दर्ता भएका मध्ये २०७ गरी जम्मा २३० थान मुद्धा फछ्र्यौट भई *कूल लगतको ८४% र फछ्र्यौट लक्ष्यको १०३%* उपलब्धि हाँसिल हुन गएको छ। यस आ.व.मा चालु कुल मुद्दा लगत २७४ लाई आधार मान्दा योजनाको लक्ष्य बमोजिम ६५ प्रतिशत अर्थात १७८ थान मुद्दा फछ्र्यौट गर्नु पर्नेमा ५२ थान लगत बढी अर्थात १२९ प्रतिशत फछ्र्यौट भएको अवस्था छ। विगत वर्षमा जस्तै आगामी आर्थिक वर्षका लागि तयार गरिएको वार्षिक कार्ययोजनाले लिएको लक्ष्य हासिल गर्नेतर्फ हामीहरु सबैको सहयोग, प्रयास र प्रतिवद्धता अपेक्षित छ। आर्थिक वर्षको कार्य सम्पादनमा आवद्ध तथा सम्वद्ध माननीय न्यायाधीश एवं सम्पूर्ण कर्मचारीहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु।

धीर बहादुर चन्द
मुख्य भई काम गर्ने न्यायाधीश
उच्च अदालत विराटनगर
अस्थायी इजलास ओखलढुङ्गा

# परिच्छेद -१

# प्रारम्भिक

## १.१ पृष्ठभूमि

शक्ति पृथकिकरणको सिद्धान्त बमोजिम राज्यका तीन अंगहरु मध्ये न्याय सम्पादनको दायित्व न्यायपालिकामा रहने संवैधानिक व्यवस्था रहेको छ। कानूनको अन्तिम लक्ष्य न्याय हो। नागरिकका हक अधिकारको संरक्षण एवं प्रचलनका लागि कानूनको विवेक सम्मत प्रयोग गर्न सक्ने स्वच्छ, निष्पक्ष, स्वतन्त्र र सक्षम न्यायपालिका आवश्यक हुन्छ। न्यायपालिकाले छिटो छरितो, प्रभावकारी एवं गुणस्तरीय न्याय सम्पादन मार्फत मानव अधिकार, मौलिक अधिकार तथा नागरिक अधिकारको संरक्षण गर्नुका साथै न्यायमा नागरिकहरुको सहज पहुँच सुनिश्चत गरी न्यायपालिका प्रतिको जनआस्था अभिवृद्धी गर्दै कानूनको शासन एवं न्यायिक सुशासन कायम गर्नु आजको आवश्यकता हो।

नेपालको संविधानको प्रस्तावनामा नै स्वतन्त्र, निश्पक्ष र सक्षम न्यायपालिकाको परिकल्पना गरिएको छ। कानूनको शासन र सामाजिक न्यायको माध्यमवाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्ने कुरा राज्यको निर्देशक सिद्धान्तमा उल्लेख छ। स्वतन्त्र एवं निश्पक्ष न्याय सम्पादन गर्नका लागि संविधानतः सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत गरी तीन तहका नियमित अदालतहरुको साथै अन्य न्यायिक निकाय समेतको व्यवस्था गरिएको छ। अदालत तथा न्यायिक निकायलाई अन्य निकाय वा अंगले संविधान एवं कानून मिचेर गरेको कार्य वा अन्य अंग वा निकायले गरेको काम कारवाहीलाई कानूनी कसी लगाई त्यस्ता अंग वा निकायको स्वेच्छाचारिता माथि अंकुश लगाउने र निरंकुश हुन नदिने जिम्मेवारी समेत शक्ति सन्तुलन तथा नियन्त्रणको सिद्धान्तले प्रदान गर्दछ। अदालतको काम कारवाही न्याय सम्पादनसंग जोडिएको हुन्छ। न्याय सम्पादनलाई छिटो छरितो, पारदर्शी, सरल तथा सुलभ बनाउँदै यस प्रति जनआस्थामा वृद्धि गर्दै लैजानु अदालतको प्रमुख कर्तव्य हो।

अदालतको काम कारवाहीलाई छिटो छरितो र प्रभावकारी बनाई अदालतप्रतिको आस्थामा एवं न्यायमा पहुँच अभिवृद्धी गर्ने उद्देश्यले न्यायपालिकाले २०६१ सालदेखि प्रथम पञ्चवर्षीय रणनीतिक योजना मार्फत योजनाबद्ध रुपमा आफ्ना काम कारवाहीलाई अगाडि बढाई आएको छ। हाल पाँचौं पञ्चवर्षीय रणनीतिक योजनाको पहिलो वर्ष समाप्त भई दोस्रो वर्ष पनि प्रारम्भ भएको छ। **"सबैका लागि न्याय"** परिदृश्य र **"संविधान, कानून र न्यायका मान्य सिद्धान्तका आधारमा स्वच्छ एवं निश्पक्ष न्याय सम्पादन गर्नू"** भन्ने परिलक्ष्य सहित कार्यान्वयनमा आएको न्यायपालिकाको पाचौं पञ्चवर्षीय रणनीतिक योजनाले **"न्याय सम्पादन, न्यायमा पहुँच, सुशासन तथा जनआस्था, सूचना प्रविधि र मानव**

**संशाधन तथा भौतिक पूर्वाधार"** लाई प्राथमिकताहरूका रूपमा अंगिकार गरेको छ। न्यायपालिकाको रणनीतिक योजनाले तर्जुमा गरेका परिलक्ष्य एवं परिदृश्यका आधारमा न्याय सम्पादन गर्नका लागि संविधानतः गठन भएका अदालतहरु मध्ये उच्च अदालतले सुरु तहका अदालतले गरेका फैसला उपरको पुनरावेदन सुन्ने, साधक जाँच्ने, केही विवादहरुमा सुरु मुद्दा हेर्ने, निवेदन सुन्ने लगायतका साधारण अधिकारक्षेत्र तथा बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध र अधिकारपृच्छा लगायतका रिटहरु मार्फत असाधारण अधिकारक्षेत्र ग्रहण गर्दछ।

संगठनले निर्दिष्ट गरेका लक्ष्य एवं उद्देश्य हासिल गर्नका लागि मार्गदर्शन गर्न कार्ययोजनाको निर्माण आवश्यक मानिन्छ। न्यायपालिकाको पाँचौं पञ्चवर्षीय रणनीतिक योजनामा अदालतको काम कारवाहीलाई योजनाबद्ध एवं व्यवस्थित रुपले संचालन एवं मार्गदर्शन गर्नका लागि वार्षिक कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने भन्ने उल्लेख भए अनुरुप उक्त रणनीतिक योजनाको पहिलो वर्ष आ.व.२०८१/०८२ का लागि यस अदालतले तयार गरेको वार्षिक कार्ययोजना अनुरुप मुद्दा दर्ता अनुमान एवं मुद्दा फछ्र्यौटको लक्ष्य निर्धारण गरिएको थियो। वार्षिक कार्ययोजनाले निर्दिष्ट गरेका लक्ष्य अनुरुप प्रस्तुत वार्षिक प्रतिवेदन तयार गरिएको छ। वार्षिक कार्ययोजना अनुरुप मुद्दाको लगत, फछ्र्यौट र बाँकीको अवस्था एवं व्यवस्थापकीय क्षेत्रमा गरेका काम कारवाहीहरुको समष्टिगत विवरण यस प्रतिवेदनमा समावेश गरिएको छ।

## १.२ संगठनात्मक स्वरुप

नेपालको संविधानको धारा १२७ अनुसार नेपालमा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत गरी तीन तहका अदालतहरु रहने व्यवस्था गरिएको छ। संविधानको धारा १३९ मा प्रत्येक प्रदेशमा एक उच्च अदालत रहने व्यवस्था गरी धारा १४४ मा उच्च अदालतको अधिकारक्षेत्र सम्बन्धमा उल्लेख भई सुरु मुद्दा हेर्ने, पुनरावेदन सुन्ने र साधक जाँच्ने अधिकार संघीय कानूनद्वारा गरिने संवैधानिक प्रावधान रहेको छ। न्याय प्रशासन ऐन, २०७३ को दफा ५(१) मा प्रत्येक प्रदेशको राजधानी रहेको ठाउँमा उच्च अदालत रहने व्यवस्था छ। सोही दफा ५ को उपदफा (३) ले नेपाल सरकारले न्याय परिषदसँग परामर्श गरी कुनै उच्च अदालत रहेको ठाउँका अतिरिक्त त्यस्तो अदालतको प्रादेशिक अधिकारक्षेत्र भित्रको अन्य कुनै ठाउँमा त्यस्तो उच्च अदालतको अस्थायी इजलास समेत कायम गर्ने गरी मुकाम तोक्न सक्ने व्यवस्था गरेको छ। सो व्यवस्था अनुरुप कोशी प्रदेशको उच्च अदालत विराटनगरमा तोकि अस्थायी इजलासका रुपमा ओखलढुङ्गामा मुकाम रहने गरी नेपाल सरकारले तोके अनुसार यस अस्थायी इजलास ओखलढुङ्गाको गठन भएको हो।

## १.३ अदालतको संरचना

यस अदालतमा ४ जना न्यायाधीशको दरबन्दी रहेको छ। जसमध्ये वरिष्ठतम न्यायाधीशले मुख्य भई काम गर्ने न्यायाधीशको रुपमा काम गर्नु हुनेछ। अदालतको प्रशासकीय प्रमुखको रुपमा राजपत्रांकित द्वितीय श्रेणीका रजिस्ट्रर रहने व्यवस्था छ। प्रशासनिक तथा मुद्दा व्यवस्थापनको काम गर्न शाखा अधिकृत र इजलास व्यवस्थापन लगायतका कामका लागि इजलास अधिकृत रहने व्यवस्था छ। साथै राजपत्र अनंकित कर्मचारीहरुमा नायब सुब्बा, लेखापाल, कम्प्युटर अपरेटर, सिस्टम सपोर्ट पर्सन, तामेलदार रहेका छन्। यस अदालतमा वैतनिक कानून व्यवसायीको समेत व्यवस्था रहेको छ। साथै अदालतको काम कारवाही व्यवस्थित रुपमा संचालन गर्न अदालत व्यवस्थापन समिति,उच्च अदालत न्यायक्षेत्र समन्वय समिति, योजना तर्जुमा कार्यान्वयन समिति, पुस्तकालय समिति, सूचना प्रविधि समिति समेत गठन गरिएको छ।

## १.४ जनशक्तिको अवस्था

यस अदालतमा नयाँ दरबन्दी सृजना कायम भई सो अनुसार दरबन्दी पूर्ति भई सकेको छ। यस अदालतमा रहेको दरबन्दी तथा पदपूर्ति र कार्यरत जनशक्तिको विवरण फाराम नं.३० मा प्रस्तुत गरिएको छ।

## १.५ अदालत भवनको स्थिति र भौतिक अवस्था

उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गा हाल ओखलढुङ्गा जिल्ला सिद्धिचरण नगरपालिकाको वडा नं.११ मा रहेको छ। यस अदालतको भवन एक तले जस्ताले छाइएको छ। यस भवनलाई २०७२ सालको विनासकारी भूकम्पले केहि क्षति पु¥याएको भएपनि मर्मत संम्भार कार्य भए पश्चात हालसम्म संचालन गर्न सक्ने अवस्थामा रहेको छ। तथापि अदालतको फाँट रहेको कोठामा पानी चुहिने लगायतका समस्या देखिएका छन्। यस अदालत भवनमा कोठाहरु पर्याप्त मात्रामा नरहेको हुँदा अदालतको एउटै कोठाबाट विभिन्न शाखाहरु संचालन गर्नु पर्दा कार्य सम्पादनमा समेत असर परेको अवस्था समेतलाई मध्यनजर गरी १ टहरो भवन बनाई सभाहल कायम गरिएको र यसै वर्ष सघन शहरी तथा भवन निर्माण कार्यालय ओखलढुंगाको सहयोगमा न्यायाधीशहरुको लागि एक कोठे संयुक्त च्याम्बर निर्माण गरिएको छ। यस अदालतमा २ वर्ष अघि थप २ वटा टहरा भवन निर्माण गरी अदालतका विभिन्न शाखाहरु र सुरक्षाकर्मी बस्ने व्यारेक राखिएको, महिला/पुरुष शौचालय समेत निर्माण गरी पुरानो भवनको बाहिरी तथा भित्रि कोठामा रङ रोगन गरिएको छ भने सूचना तथा सहायतकक्ष समेतको निर्माण गरिएको छ। यसै वर्ष सुरक्षा जाँचका लागि बनाइएको पोष्टलाई मरम्मत तथा रंगरोगन गरी प्रयोगमा ल्याइएको छ। अचल सम्पत्तितर्फ यस अदालतको स्वामित्वमा ६-०-०-० जग्गा

रहेको छ भने सर्वोच्च अदालतको मिति २०८२।०२।०८ गतेको पत्रले ओखलढुंगा जिल्ला अदालतको नाममा रहेको जग्गा र भवन उपभोगका लागि अनुमति समेत प्राप्त भएको छ। अदालतको सुरक्षा व्यवस्था एवं काम कारवाहीमा पारदर्शिताका लागि अदालत भवन भित्रका कोठाहरुमा ४ वटा र भवन बाहिर २ वटा गरी जम्मा ६ वटा सि.सि. क्यामेरा जडान गरिएको छ। अदालतबाट हुने सेवा सेवाप्रवाह र कार्यविधिको जानकारी दिने उद्देश्यले जानकारीमुलक पुस्तिका तयार गरी सेवाग्राहीहरुलाई वितरण गरिएको छ भने गत आर्थिक वर्षदेखि नै टाइम कार्ड लागु गरी सेवाप्रवाह गरिदै आएको छ।

# परिच्छेद-२

## आ.व.२०८१/०८२ को वार्षिक कार्ययोजना र अदालतको कार्य प्रगतिको समीक्षा

### २.१ न्यायपालिकाको रणनीतिक योजना

संविधान र कानूनले न्यायपालिकालाई सुम्पेको भूमिका र जिम्मेवारीलाई छिटोछरितो, गुणस्तरीय र प्रभावकारी रूपमा सम्पादन गरी न्यायमा सबैको पहुँचको सुनिश्चितता र न्यायपालिका प्रतिको जनआस्था अभिवृद्धि गर्ने उद्देश्यका साथ न्यायपालिकाको काम कारवाहीलाई योजनावद्ध र प्रभावकारी ढंगबाट संचालन गर्न २०६१ साल देखि न्यायपालिकामा योजनाबद्ध सुधारको सुरुवात भई न्यायपालिकाको प्रथम रणनीतिक योजना (२०६१/०६२-०६५/०६६) तर्जुमा भई कार्यान्वयमा आयो। उक्त योजना अवधि सुरु भएपछि योजनाबाट हाँसिल भएका अनुभव र प्रगतिको समीक्षा गर्दै न्यायपालिकाको दोश्रो रणनीतिक योजना २०६६/०६७-२०७०/०७१, दोश्रो योजनाबाट हाँसिल भएका अनुभव र प्रगतिको समीक्षा गर्दै न्यायपालिकाको तेस्रो रणनीतिक योजना २०७१/०७२-२०७५/०७६ र तेश्रो योजनाबाट हाँसिल भएका अनुभव र प्रगतिको समीक्षा गर्दै न्यायपालिकाको चौथो पञ्चवर्षिय रणनीतिक योजना २०७६/०७७-२०८०/०८१-०८१-०८२ तर्जुमा भई कार्यान्वयन अवधि समेत पुरा गरेको छ। २०८१ साल श्रावण १ गतेदेखि लागु भएको पाँचौं रणनीतिक योजनाले पहिलो वर्ष समेत पुरा गरी मिति २०८२ साल श्रावण १ गतेदेखि दोस्रो वर्षमा प्रवेश गरेको छ।

### २.२ आ.व.२०८१/०८२ को वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगतिको समीक्षा

### २.२.१ मुद्दा तथा रिटतर्फ

न्यायपालिकाको पाँचौं रणनीतिक योजनाले गरेको परिकल्पनाका आधारमा यस अदालतले आर्थिक वर्ष २०८१/०८२ का लागि वार्षिक कार्ययोजना तर्जुमा गरेको थियो। गत आर्थिक वर्षमा जिम्मेवारी सरी आएको मुद्दा २३ थान रहेकोमा नयाँ दर्ता अनुमान ३०८ गरी जम्मा लगत ३३१ हुने अनुमान गरिएकोमा नयाँ दर्ता २५१ भई अनुमान भन्दा ५७ थान मुद्दा कम दर्ता भएको पाइन्छ। न्यायपालिको पाँचौं पञ्चवर्षिय रणनीतिक योजनाले जिम्मेवारी सरेका सबै र नयाँ दर्ता भएका मुद्दा मध्येबाट ६५% फछ्यौंट गर्नु पर्ने व्यवस्था गरेकोमा यस अदालतले गत आर्थिक वर्षमा जिम्मेवारी सरि आएका २३ थान मुद्दा फछ्यौंट गर्नु पर्नेमा लक्ष्य अनुरुपै मुद्दा फछ्यौंट गरी नयाँ दर्ता भएका २५१ थान मुद्दा मध्येबाट २०७ थान मुद्दा फछ्यौंट गरेको छ। जुन अनुमानित लगतको आधारमा १०३ % हुन आउँछ। गत आर्थिक वर्षबाट जिम्मेवारी सरी आएका

मुद्दा थान २३ र यस आर्थिक वर्षमा दर्ता हुन आएका मुद्दा थान २५१ समेत गरी जम्मा २७४ थान मुद्दालाई आधार मानी त्यसको ६५ प्रतिशतले हुने मुद्दा संख्या १७८ लाई आधार मान्दा १२९% मुद्दा फछ्र्यौट भएको अवस्था देखिन्छ।अदालतले ६ महिना नाघेका मुद्दाहरु फछ्र्यौटको लागि विशेष कार्ययोजना बनाई कार्यान्वयन गरिएको फलस्वरुप ६ महिना अवधि नाघेका मुद्दाहरुको लगत शुन्य रहन गएको हो।यस अदालतले फैसला तयारीको कार्य समेत समयभित्रै गर्न सफल भएको छ।सुरु मुद्दा, पुनरावेदन, रिट निवेदनको लगत, फछ्र्यौट र बाँकी मुद्दाहरुको विवरण फारम नं.१ मा उल्लेख गरिएको छ।फैसलाको तयारी सम्बन्धीको विवरण फाराम नं.१४ मा उल्लेख गरिएको छ।

## २.२.२ प्रतिवेदनतर्फ

अघिल्लो आर्थिक वर्षमा प्रतिवेदन २ थान जिम्मेवारी सरि आएको पाईन्छ।यस आर्थिक वर्षको अवधिमा निवेदन ३४ थान दर्ता भई प्रतिवेदनको कुल लगत जम्मा ३६ थान रहेकोमा जिम्मेवारी सरेको २ थान र यस आर्थिक वर्षको ३४ थान गरी जम्मा ३६ थान प्रतिवेदन फछ्र्यौट भई शतप्रतिशत नतिजा हासिल भएको अवस्था छ।आर्थिक वर्षको अवधिमा निवेदन प्रतिवेदनको लगत, फछ्र्यौट र बाँकीको विवरण फाराम नं.४ मा उल्लेख गरिएको छ।

## २.२.३ योजनाद्वारा निर्धारित न्यायिक काम कारवाही सम्बन्धित अन्य कार्य

फरक मुद्दा व्यवस्थापन पद्धतिलाई प्रभावकारी बनाउन मुद्दाको मार्ग समूह पहिचानको निमित्त मार्ग समूह अनुसारको स्टिकर मिसिलमा टाँस्ने गरिएको साथै न्याय सम्पादनको सन्दर्भमा मार्ग समूहभित्रका मुद्दालाई निर्धारित समयभित्र फछ्र्यौट गर्ने गरी व्यवस्था मिलाइएको छ।त्यसैगरी अवधि नाघेका मुद्दा र जिम्मेवारी सरी आएका मुद्दाहरूको पहिचानका लागि मिसिलमा रातो स्टिकर टाँस्ने गरिएको छ।न्यायपालिकाको रणनीतिक योजना बमोजिम अदालतमा विचाराधिन रहेका मिसिलको आन्तरिक निरीक्षण तथा मुद्दाको अंग पुऱ्याउने कार्यतर्फ पनि लक्ष्य अनुसारको काम भएको अवस्था छ। तोकिएका मुद्दामा छिटो छरितो माध्यमद्वारा पत्रचार गर्ने, म्याद पठाउने गरिएको र मुद्दाको आन्तरिक निरीक्षणले दिईएका निर्देशन अनुसार काम भएको अवस्था छ।

## २.२.४ व्यवस्थापकीय कार्य

व्यवस्थापकीय कार्यतर्फ रणनीतिक योजनाले निर्देशन गरे अनुरुप यस अदालतले पूर्ण बैठक, अदालत व्यवस्थापन समितिको बैठक, कर्मचारी बैठक, चौमासिक समीक्षा कार्यक्रम, समूदायमा अदालत कार्यक्रम (Judicial outreach) न्यायिक संवाद कार्यक्रम,

न्यायाधीशसँग अन्तरक्रिया कार्यक्रम (Meet the Judge) बार/बेन्च/सञ्चारकर्मी/नागरिक समाजबीच अन्तरक्रिया, न्यायक्षेत्र समन्वय समितिको बैठक लगायतका कार्यहरु कार्ययोजना अनुरुप सम्पन्न भएको छ। व्यवस्थापकिय कार्यहरुको विवरण फाराम नं.१८ मा उल्लेख गरिएको छ।

## २.३ निरीक्षण, निर्देशन तथा अनुगमन

न्याय प्रशासन ऐन,२०७३ को दफा २१ र उच्च अदालत नियमावली,२०७३ को नियम १४१ तथा न्यायपालिकाको रणनीतिक योजनाले समेत आफूले लिएको लक्ष्यमा प्रभावकारिता ल्याउने उद्देश्यले विभिन्न रणनीति मार्फत निरीक्षणलाई आत्मसात गरेको छ। उपरोक्त कानून एवं योजनाले समेत जिम्मेवारी दिएको कार्य अनुरुप यस अदालतले मातहतका ३ जिल्ला अदालतहरु क्रमशः ओखलढुङ्गा जिल्ला अदालत, खोटाङ जिल्ला अदालत र सोलुखुम्बु जिल्ला अदालत तथा तत् जिल्लामा रहेका कारागार कार्यालयहरु समेतको निरीक्षण गरी आवश्यक निर्देशन दिनु पर्ने दायित्व रहेको छ। सो कार्यको लागि यस आर्थिक वर्षमा यस अदालतमा मुख्य भई काम गर्ने माननीय न्यायाधीश श्री धीर बहादुर चन्द सहितको निरीक्षण टोलीबाट ओखलढुङ्गा जिल्ला अदालत र कारागार कार्यालय ओखलढुङ्गाको मिति २०८१।११।८ गतेदेखि ऐ.९ गतेसम्म, माननीय न्यायाधीश श्री बबिता उप्रेती सहितको निरीक्षण टोलीबाट खोटाङ जिल्ला अदालत र कारगार कार्यालय खोटाङको मिति २०८१।१२।७ गतेदेखि ऐ.११ गतेसम्म र माननीय न्यायाधीश श्री धीर बहादुर चन्द सहितको निरीक्षण टोलीबाट सोलुखुम्बु जिल्ला अदालत र कारागार कार्यालय सोलुखुम्बुको मिति २०८१।११।११ गतेदेखि ऐ.१५ गतेसम्म निरीक्षण गरी आवश्यक निर्देशन समेत दिने काम सम्पन्न भएको छ। यस अदालतमा चालु मुद्दाहरुको आन्तरिक निरीक्षण गर्नेतर्फ कार्य योजनाले निर्देशन गरे बमोजिम मासिक लक्ष्य बनाई निरीक्षण गरी आवश्यक निर्देशन दिने कार्य सम्पन्न भएको छ। यस ईजलासबाट मातहत अदालतहरुको निरीक्षण पश्चात मुख्य भई काम गर्ने माननीय न्यायाधीश श्री धीरबहादुर चन्द र रजिष्ट्रार श्री बिष्णुप्रसाद पाण्डेयबाट मातहतका ३ (तीन) वटै अदालतहरुको अनुगमनको कार्य सम्पन्न गरी न्याय सम्पादनको कार्यमा प्रभावकारीता ल्याउन सक्रिय पहल गरिएको छ।

## २.४ निर्माण तथा भौतिक सुधारका कार्यहरु

गत योजना अवधिमा सघन शहरी तथा भवन निर्माण आयोजना, ओखलढुंगाको सहयोगमा न्यायाधीशहरुको लागि संयुक्त च्याम्बर निर्माण भएकोमा यस आर्थिक वर्षमा महिला र पुरूषका लागि शौचालयको निर्माण गरी प्रयोगमा ल्याइएको छ। त्यस्तै अदालत भवन, सुरक्षाकर्मी रहने सुरक्षापोष्टलाई थप मरम्मत तथा रंगरोगन गरी प्रयोगमा ल्याइएको

छ। साथै यस आर्थिक वर्षमा अदालत हातामा रहेको बगैचालाई थप व्यवस्थित गर्नुका साथै अदालत परिसरभित्र १० मिटर पक्की पर्खाल निर्माण गरिएको छ।

## २.५ तालिम, समिक्षा ,गोष्ठी तथा क्षमता विकास सम्बन्धी कार्यहरु

वार्षिक योजनाद्वारा योजना कार्यान्वयनको अवधिमा यस अदालत र मातहतका अदालतहरुसँग ३ पटक योजनाको समीक्षा गर्ने लक्ष्य निर्धारण गरिएकोमा २ पटक चौमासिक समीक्षा र १ पटक वार्षिक समीक्षा कार्यक्रम भएको छ। त्यस्तै योजनाले लिएका लक्ष्य बमोजिम फरक मुद्दा व्यवस्थापन सम्बन्धी तालिम, संहिता कार्यान्वयन सम्बन्धी पुनर्ताजगी तालिम र फैसला लेखन तालिम पनि सम्पन्न भएका छन्। सेवाग्राही प्रतिक्षालयको सुढृढीकरण गर्ने कार्य यस योजनामा सम्पन्न गरिएको छ।

## २.६ योजना बमोजिम प्रगति हासिल नभएका कार्यहरू

योजनाद्वारा तोकिएका कतिपय कार्यहरु योजना कार्यान्वयनको अवधिमा सम्पन्न हुन सकेनन्। योजना अवधिमा लिईएका अदालतको पर्खाल निर्माण गरी घेरावारा गर्ने, ग्यारेज भवनको गेट निर्माण गर्ने लक्ष्य हासिल हुन सकेनन्। यी लक्ष्यहरु पुरा हुन नसक्नुको प्रमुख कारणमा बजेटको अभाव रहेको छ।

## २.७ यस अदालतबाट सम्पादित अन्य कार्यहरु

- मिति २०८०।८।१० गतेदेखि यस अदालतमा सेवाग्राहीहरूका लागि सेवाप्रवाह टाइमकार्ड लागु गरिएकोमा यस आर्थिक वर्षमा पनि निरन्तरता दिइएको छ।
- अदालतको अभिलेख शाखामा रहेका छिनुवा मिसिलहरू कानून बमोजिम कागजात सडाउने काम सम्पन्न भईसकेको छ।
- अभिलेख शाखाका रहेका ४५३९ थान मुद्दाका सबै मिसिल स्क्यान गरि शत प्रतिशत अपलोड गर्ने कार्य गरिएको।
- कार्य सम्पादनमा प्रभाकारिता, शिघ्रता, पारदर्शीता लगायत अदालतको सुरक्षार्थ यस आ.व. मा थप २ स्थानमा CCTV जडान गरिएको छ।
- यस आ.व.बाट अदालतका दुबै इजलासहरूमा कोर्टरुम टेक्नोलोजीको प्रयोग गरी भिडियो कन्फरेन्सिङ्ग बहस प्रभावकारी रुपमा सञ्चालनमा ल्याइएको छ ।
- मातहत अदालतहरुमा न्याय सम्पादनको कार्यमा प्रभावकारीता ल्याउने उद्देश्यले मुख्य भई काम गर्ने माननीय न्यायाधीशज्यूबाट प्रत्यक्ष अनुगमन गरिएको छ।
- आम नागरिकहरूलाई अदालतका काम कारवाही र कार्यविधिका विषयमा जानकारी दिने उद्देश्यले जानकारीमुलक पुस्तिका तयार गरी वितरण थालिएको छ।

- मातहत जिल्ला अदालतहरूलाई फैसला लेखन, टिपोट लेखन, फरक मुद्दा व्यवस्थापन, अभिलेख व्यवस्थापन लगायतका विषयमा भौतिक रूपमा र भिडियो कन्फरेन्सिङ्ग मार्फत तालिम कार्यक्रम सञ्चालनमा ल्याइएको छ।
- आ.व.०८१-८२ लाई ***"अभिलेख व्यवस्थापन वर्ष"*** घोषणा गरी मातहत अदालतहरुका अभिलेखमा रहेका सम्पूर्ण मिसिल सफ्टवेयरमा प्रविष्ट गरि सक्ने गरी कार्य अगाडि बढाइएकोमा यस इजलासबाट शत प्रतिशत अर्थात ४५३९ थान मिसिल स्क्यान गरी सफ्टवेयरमा प्रविष्ट भई सकेको छ भने ओखलढुंगा जिल्ला अदालतबाट ९७५० थान, खोटाङ जिल्ला अदालतबाट ८०१० थान र सोलुखुम्वु जिल्ला अदालतबाट ६२१३ थान मिसिल स्क्यान गरी सफ्टवेयरमा प्रविष्ठ गरि सकिएको छ। जुन कुल मिसिल संख्या ४२९३९ को ६६.४०% हुन आउँछ। साथै यस आर्थिक वर्षमा अभिलेख व्यवस्थापनमा महत्वपूर्ण काम गर्ने ५ जना कर्मचारीलाई पुरस्कृत समेत गरिएको छ।

# परिच्छेद-३

## मातहत जिल्ला अदालतहरुको लगत, फछ्र्यौट र बाँकि मुद्दाहरुको विवरण

### आ.व.२०८१/०८२ को लगत विवरण तथा फछ्र्यौट

| क्र.सं | अदालतको नाम | जिम्मेवारी सरेको | नयाँ दर्ता | जम्मा लगत | वार्षिक फछ्र्यौट लक्ष्य | फछ्र्यौट लगत | फछ्र्यौट % (लगतका आधारमा) | फछ्र्यौट % (लक्ष्यका आधारमा) | बाँकि |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ओखलढुंगा जिल्ला अदालत | १६१ | ३५० | ५११ | ३२१ | ३५९ | ७०.२५ | १११.८३ | १५२ |
| २ | खोटाङ्ग जिल्ला अदालत | १३७ | ४४२ | ५७९ | ३४१ | ४६५ | ८०.३१ | १३६.३६ | ११४ |
| ३ | सोलुखुम्बु जिल्ला अदालत | ६९ | १८९ | २५८ | १६३ | १८८ | ७२.८६ | ११५.३४ | ७० |

### आ.व. २०८१/०८२ को अदालतगत बाँकि मुद्दाको विवरण

| क्र.सं | अदालतको नाम | ६ महिना भित्रको | ६ देखि १२ महिना भित्रको | १२ देखि१८ महिना भित्रको | १८ महिना देखि २ वर्ष भित्रको | २ वर्ष नाघेको | बाँकि |
|---|---|---|---|---|---|---|---|
| १ | ओखलढुंगा जिल्ला अदालत | १२४ | २२ | ६ | ० | ० | १५२ |
| २ | खोटाङ्ग जिल्ला अदालत | ९७ | १३ | ४ | ० | ० | ११४ |
| ३ | सोलुखुम्बु जिल्ला अदालत | ४९ | १२ | ७ | २ | ० | ७० |

## आ.व.२०८१/०८२ को DCM लागु हुनु पूर्व र लागु भए पश्चात मार्ग समूह अनुरुपको विवरण

| क्र.सं. | अदालतको नाम | DCM अन्तर्गत | | | | DCM लागु हुनु पूर्वका | | |
|---|---|---|---|---|---|---|---|---|
| | | मार्ग समूह | लगत | फछ्यौंट | बाँकी | लगत | फछ्यौंट | बाँकि |
| १ | ओखलढुङ्गा जिल्ला अदालत | सरल | ३५१ | २३६ | ११५ | ० | ० | |
| | | सामान्य | १३० | ९६ | ३४ | | | |
| | | विशेष | ३० | २७ | ३ | | | |
| | | जम्मा | ५११ | ३५९ | १५२ | | | |
| २ | खोटाङ्ग जिल्ला अदालत | सरल | ३४० | २७१ | ६९ | ० | ० | ० |
| | | सामान्य | २२२ | १७९ | ४३ | | | |
| | | विशेष | १७ | १५ | २ | | | |
| | | जम्मा | ५७९ | ४६५ | ११४ | | | |
| ३ | सोलुखुम्बु जिल्ला अदालत | सरल | २०२ | १४८ | ५३ | ० | ० | ० |
| | | सामान्य | ५३ | ३७ | १७ | | | |
| | | विशेष | २ | २ | ० | | | |
| | | जम्मा | २५८ | १८८ | ७० | | | |

## आ.व. २०८१/०८२ को मेलमिलाप सम्बन्धी विवरण

| क्र.सं. | अदालतको नाम | मेलमिलाप हुन सक्ने मुद्दा संख्या | आदेश भएको मुद्दा संख्या | सफल मुद्दा संख्या | असफल मुद्दा संख्या | प्रक्रियामा रहेको | सफल प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | ओखलढुंगा जिल्ला अदालत | २२१ | ११५ | ४ | १०२ | ९ | ३.४७ |
| २ | खोटाङ्ग जिल्ला अदालत | ८८ | ४४ | ९ | ६१ | ४ | १२.१६ |
| ३ | सोलुखुम्बु जिल्ला अदालत | १८५ | ९२ | ११ | ७३ | ८ | ११.९५ |

## आ.व.२०८१/०८२ मा अभिलेख मिसिल स्क्यान तथा अपलोड गरिएको सम्बन्धी विवरण

| क्र.सं. | अदालतको नाम | स्क्यान गरी अपलोड मिसिल संख्या |
|---|---|---|
| १ | ओखलढुंगा जिल्ला अदालत | ९७५० थान |
| २ | खोटाङ्ग जिल्ला अदालत | ८०१० थान |
| ३ | सोलुखुम्बु जिल्ला अदालत | ६२१३ थान |

## आ.व. २०८१/०८२ मा विगो निवेदन तर्फ।

| | विगो निवेदन जम्मा | फछ्र्यौट लक्ष्य | फछ्र्यौट | बाँकी | फछ्र्यौट प्रतिशत |
|---|---|---|---|---|---|
| ओखलढुङ्गा जिल्ला अदालत | १२२ | ७७ | ७० | ५२ | ५७.३५ |
| खोटाङ जिल्ला अदालत | ७७ | ४६ | ६३ | १४ | ८१.८१ |
| सोलुखुम्बु जिल्ला अदालत | ५० | ३५ | ३६ | १४ | १०२.८६ |

## आ.व. २०८१/०८२ मा फैसला कार्यान्वयन तर्फ

| | | कैद र जरिवानाको लगत | फछ्र्यौट लक्ष्य | फछ्र्यौट | बाँकी | फछ्र्यौट प्रतिशत |
|---|---|---|---|---|---|---|
| ओखलढुङ्गा जिल्ला अदालत | कैदतर्फ(वर्ष) | ९४३-८-० | ४१०-६-१५ | २३२-२-१ | ७११-५-२९ | २४.६० |
| | जरिवाना तर्फ | १२,००,०६,२४१ | ३,५०,५९,३६१ | ३५,४६,४५९ | ११,६४,५९,७८२ | २.९५ |
| खोटाङ जिल्ला अदालत | कैद तर्फ(बर्ष) | १०७३-५-२६ | ३४२-११-३ | ४५६-०-२२ | ६१७-५-२ | ४२.४९ |
| | जरिवाना तर्फ | १७,१७,५९,७७६ | ३,४२,६१,१३७ | १,३८,९१,४४९ | १५,७८,६८२६ | ४०.५५ |
| सोलुखुम्बु जिल्ला अदालत अदालत | कैद तर्फ(बर्ष) | ६०९-७-१८ | २६५-२-१० | ११९-६-१० | ४९०-१-८ | ४४.९९ |
| | जरिवाना तर्फ | ५,१७,६४,५४०.६६ | १,६१,१३,९३५ | ७३,०६,९९९.६६ | ४,४४,५७,५४१ | ४५.३५ |

# परिच्छेद- ४

## समस्या र समाधानका उपायहरु

न्याय सम्पादन गर्ने प्रमुख दायित्व बोकेको न्यायपालिकाको स्वतन्त्रता, निश्पक्षता एवं सक्षमता अभिवृद्धी गर्न यसको व्यवसस्थापकीय पक्षमा आवश्यक सुधार गरी न्यायिक सुशासन कायम गर्नु आजको अपरिहार्यता हो। योजनावद्ध विकासको थालनी संगै न्यायपालिकाको सुधारका लागि रणनीतिक योजनाहरु तयार गरी लागु भए पश्चात अदालतको काम कारवाही प्रभावकारी रुपमा व्यवस्थित हुन गई मुद्दा फछ्र्यौटको अनुपात समेत बढ्दै गएको पाइन्छ।

भौतिक पूर्वाधार निर्माण, जनशक्तिको विकास तथा सूचना प्रविधिको नवीनतम् प्रयोग मार्फत अदालतको काम कारवाहीलाई छिटो छरितो, प्रभावकारी एवं गुणस्तरीय बनाई न्यायमा सबैको पहुँच सुनिश्चित गर्न न्यायपालिकाले थुप्रै प्रयासहरु गरेको छ। न्यायपालिकाको सुधारका लागि निर्मित रणनीतिक योजना, व्यवस्थापकीय सुधार, सूचना प्रविधिको विस्तार एवं जनशक्ति विकास मार्फत न्यायिक काम कारवाहीमा छिटो छरितोपन एवं सुधार देखा परेता पनि मुद्दा व्यवस्थापनमा कठिनाई, दक्ष जनशक्तिको अभाव, स्रोत साधनको अभाव लगायतका व्यवस्थापकीय कठिनाईका कारण अपेक्षित सुधार हुन सकेको पाइँदैन। यस अदालतको समग्र व्यवस्थापनमा देखा परेका समस्या, चुनौती तथा समस्या समाधानका लागि चाल्नु पर्ने आवश्यक कदमहरुलाई देहाय बमोजिम उल्लेख गरिएको छ।

- यस अदालत साविकको पुनरावेदन अदालत राजविराजको ओखलढुङ्गा मुकामको भवनमा रहेको छ। यो भवन २०४४ सालमा निर्माण पुरा भई उद्घाटन भएको देखिन्छ। यस भवनमा रहेको १० वटा कोठा र आ.व.२०७५/०७६ मा निर्माण गरिएको टहरा भवनका थप केही कोठाहरुबाट कार्य संचालन गरिएको छ। यस अदालतको काम कारवाही अनुरूपका विभिन्न फाँटहरु राख्न समेत अपर्याप्त कोठाहरु रहेका छन्। एकै कोठामा विभिन्न फाँटहरुलाई राख्नु पर्ने अवस्था रहेको छ। अदालतको भवन जिर्ण अवस्थामा रहनुका साथै अदालत कम्पाउण्ड भित्र रहेको साविक ओखलढुंगा जिल्ला अदालतको भवन प्रक्रियागत रूपमा हस्तान्तरण भइ नसकेको र जिर्ण अवस्थामा समेत रहेकोले पुनः निर्माणको कार्य नगरी सञ्चालनमा ल्याउन नसकिएको अवस्थामा यस आर्थिक वर्षमा नयाँ भवन निर्माण तर्फ पहल गर्नुपर्ने देखिन्छ।
- अदालतको सुरक्षा तथा अदालतमा रहने भौतिक साधनहरुको सुरक्षाका लागि अदालत परिसरमा कम्पाउड वाल रहेको छैन। त्यसका लागि स्रोतको व्यवस्थापन हुन आवश्यक रहेको छ।

- अदालतमा रहेका जनशक्तिहरुमा सहायकस्तरका जनशक्तिहरु कानूनी पृष्ठभुमि नभएका हुँदा काम कारवाहीमा समस्याहरु देखिने गरेको छ। यस्ता जनशक्तिका लागि न्यायको आधारभुत तालिमको निरन्तरताको व्यवस्था हुनु पर्ने देखिन्छ।
- अदालत र माननीय न्यायाधीशहरुको साथै सेवाग्राहीहरुको सवारी साधन व्यवस्थापनका लागि उचित पार्किङस्थलको व्यवस्थापन गर्न सकिएको छैन। पार्किङस्थलको उचित व्यवस्थापनको लागि आवश्यक पहल गरी व्यवस्थापन गर्नु आवश्यक छ।
- म्याद तामेलसमेतका कार्यको लागि कठिन भौगोलिक अवस्थिति रहेको तथा मातहत जिल्ला अदालतमा २ पाङ्ग्रे सवारी साधनको कमी रहेकोले सो को व्यवस्था गर्नुपर्ने देखिन्छ।
- सर्वोच्च अदालत र उच्च अदालतबाट सम्बन्धित अदालतहरुको आवश्यकता पहिचान नगरी जानकारी विना कर्मचारीहरु सरुवा तथा काज गर्दा कार्य सम्पादनमा समस्या देखिएकोले आगामी दिनमा उक्त कार्य गर्दा समन्वयात्मक तवरबाट गर्नु पर्ने देखिन्छ ।

# परिच्छेद-५

## वार्षिक प्रतिवेदन फारामका अनुसूची १ देखि ३१ सम्मका फारामहरु।